# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, कैलाली, चैत्र २४ गते, २०७८ साल (संख्या ७

## भाग २

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश राजपत्र प्रकाशन सम्बन्धी नियमावली, २०७८

सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी  प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "छापाखाना" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयको आफ्नै वा सो मन्त्रालयले प्रचलित कानून बमोजिम तोकेको छापाखाना सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(घ) "प्रदेश राजपत्र" भन्नाले प्रदेश सरकारबाट प्रकाशन भएको राजपत्र सम्झनु पर्छ ।

३. सूचना प्रकाशन गर्नुपर्नेः सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ ले तोके बमोजिमका सूचना आन्तरिक मामिला तथा कानून मन्त्रालयको छापाखाना वा सो मन्त्रालयले तोकेको कुनै छापाखानाबाट प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. सूचना प्रकाशन गर्ने प्रक्रियाः (१) प्रदेश प्रमुखबाट प्रमाणीकरण भई प्राप्त भएका ऐन वा अध्यादेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवको हस्ताक्षर भएपछि निजको नाम राखी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम ऐन वा अध्यादेश बाहेक अन्य सूचना ऐनमा तोकिएको निकाय वा अधिकारीको निर्णय बमोजिम सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीले सूचना सम्पादनको लागि निर्णय सहित आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्पादन गरी सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्पादन भई प्राप्त सूचनामा सम्बन्धित मन्त्रालयको सचिव वा ऐनमा तोकिएको अधिकारीले हस्ताक्षर गरी पठाएको सूचना आन्तरिक मामिला तथा कानून मन्त्रालयले राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) यो नियमावली प्रारम्भ हुनुअघि प्रमाणीकरण भई प्रदेश राजपत्रमा प्रकाशन गर्न बाँकी सार्वजनिक लिखतको हकमा प्रमाणीकरण हुँदाका बखत कार्यरत सचिवको नाम राखी प्रकाशन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गरिने व्यहोरामा हालका सचिवले हस्ताक्षर गरी अभिलेख राख्नु पर्नेछ ।

५. <u>प्रकाशन गर्नुपर्ने अङ्क</u>: (१) प्रदेश राजपत्रमा प्रकाशन हुने नियमित अङ्क (संख्या) प्रत्येक हप्ताको विहीबार प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त नभएमा सो अङ्क अर्को विहिवार नियमित गरिनेछ ।

(३) कुनै सार्वजनिक लिखतको प्रावधान तत्काल कार्यान्वयनमा ल्याउनको लागि प्रत्येक हप्ताको विहीवार बाहेक अन्य कुनै दिन प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने अवस्था भएमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले सोही दिनको मिति राखी अतिरिक्ताङ्क गरी प्रकाशन गर्न सक्नेछ ।

(४) प्रदेश राजपत्र प्रकाशन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) नेपालको संविधान बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण हुने प्रदेश विधेयक वा अध्यादेश जुन

मितिमा प्रमाणीकरण हुन्छ सोही मितिको अतिरिक्ताङ्क वा पूर्वातिरिक्ताङ्क गर्ने,

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा अधिकार पत्र, प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना, संविधान वा संघीय वा प्रदेश कानून अन्तर्गतका नियुक्ति वा अन्य सूचना, नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता नियमित अङ्क (संख्या) गरी प्रकाशन गर्ने ,

तर यो नियमावली प्रारम्भ हुनु अघि स्वीकृत भई राजपत्रमा प्रकाशन हुन बाँकी सार्वजनिक लिखत आन्तरिक मामिला तथा कानूनमन्त्रालयले अतिरिक्ताङ्क र पूर्वातिरिक्ताङ्क गरी प्रकाशन गर्न सक्नेछ ।

(ग) कुनै खास विषयको कुनै सूचना प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्नु पर्ने विशेष कारण भएमा सोको कारण खुलाई प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट निर्णय भएमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी कुनै सूचना प्रकाशन गर्नु पर्ने भएमा निर्णय भएको मितिले तीन महिनाभित्र गर्नु पर्ने,

(ङ) कुनै दण्ड जरिवाना गर्ने वा कर दस्तुर वा शुल्क लगाउने गरी ऐनको अधिकार प्रयोग गरी नियम बनाउँदा वा सूचना प्रकाशन गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो नियम वा सूचनालाई

पश्चातदर्शी प्रभाव हुने गरी अतिरिक्ताङ्कमा प्रकाशन नगर्ने ।

(५) यस नियमावली बमोजिम प्रदेश राजपत्रमा नियमित अङ्क (संख्या) र अतिरिक्ताङ्कको संख्या प्रत्येक वर्ष सूचनाको आधारमा वर्ष (खण्ड), मिति र अतिरिक्ताङ्क वा संख्या कायम गरी प्रकाशन गर्नु पर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली प्रारम्भ हुँदाका बखत प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने कुनै सूचना प्रकाशन नभएको देखिएमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले निश्चित समयावधि तोकी सूचना प्रकाशनका लागि सम्वन्धित निकायलाई जानकारी गराउन सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको समयावधिभित्र प्राप्त भएका सूचना यो नियमावली प्रारम्भ हुनु अघिकै व्यवस्था अनुसार प्रकाशन गर्न वाधा पर्ने छैन ।

तर तोकिएको समयावधिभित्र प्राप्त नभएका सूचना यस नियमावलीको कार्यविधि पूरा गरी प्रकाशन गर्नु पर्नेछ ।

६. **प्रदेश राजपत्रको ढाँचा:** (१) ऐन तथा यस नियमावली बमोजिम प्रकाशन गरिने प्रदेश राजपत्रको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

(२) प्रदेश राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची-२ बमोजिम हुनेछ ।

७. **प्रदेश राजपत्रको छपाई खर्च:** (१) नियम ३ बमोजिम प्रदेश राजपत्र छपाई गर्दा लाग्ने खर्च आन्तरिक मामिला तथा कानून मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम सूचना छपाई गर्दा लाग्ने खर्च प्रदेश सरकारको विनियोजित बजेटबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयले व्यहोर्नेछ ।

८. <u>राजपत्र सम्पादन तथा प्रकाशन समिति:</u> (१) प्रदेश राजपत्र सम्पादन, प्रकाशन एवं अन्य व्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको राजपत्र सम्पादन तथा प्रकाशन समिति रहनेछ:-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) सचिव, (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) प्रमुख, कानून तर्जुमा महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) कानून अधिकृत (तर्जुमा हेर्ने), आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ङ) कानून अधिकृत (सम्पादन हेर्ने), आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिले आवश्यकता अनुसार प्राविधिक वा अन्य कर्मचारीको सहयोग लिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेश राजपत्रको सम्पादन एवं प्रकाशन गर्ने, गराउने,

(ख) प्रदेश राजपत्र सम्बन्धी कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निर्णय गर्ने,

(ग) प्रदेश स्तरका ऐन, अध्यादेश, नियमावली, कार्यविधि वा निर्देशिका लगायतका प्रदेश कानूनको सम्पादन संग्रहित गरी प्रकाशन गर्ने, गराउने ।

९. **राजपत्रको मूल्य निर्धारण:** (१) ऐन तथा यस नियमावली बमोजिम प्रदेश राजपत्रमा प्रकाशन हुने राजपत्रको मूल्य देहाय बमोजिम निर्धारण गरिनेछः-

(क) १ देखि ८ पेज सम्म एक प्रतिको रु.५।-

(ख) ९ देखि २४ पेज सम्म एक प्रतिको रु. १०।-

(ग) २५ देखि ४० पेज सम्म एक प्रतिको रु. १५।-

(घ) ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु. २०।-

(ङ) ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु. २५।-

(च) ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु ५०।-

(छ) ९७ भन्दा बढी पेज भएमा थप प्रति पेज ५० पैसाका दरले शुल्क लिने ।

(२) उपनियम (१) बमोजिम प्रकाशन हुने राजपत्र आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशका मन्त्रालय, मन्त्रालयस्तरका सचिवालय, आयोग वा कार्यालय तथा प्रदेशभित्र रहेका विभिन्न अदालत, सरकारी वकील कार्यालयमा नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित राजपत्र प्रदेशभित्रका प्रत्येक स्थानीय तहमा विद्युतीय प्रति उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) प्रदेश राजपत्र खरिद गर्न चाहने व्यक्ति वा निकायलाई राजपत्रको उपलब्धताको आधारमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपनियम (१) बमोजिमको मूल्य लिई राजपत्र प्राप्त गर्ने व्यवस्था मिलाउनेछ ।

१०. **अभिलेख राख्नु पर्ने:** आन्तरिक मामिला तथा कानून मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिम प्रकाशित राजपत्रको छुट्टै अभिलेख रहने गरी

विद्युतीय प्रति सो मन्त्रालयको वेवसाइटमा समेत राख्नु पर्नेछ ।

११. <u>यसै नियमावली बमोजिम भए गरेको मानिने</u>: यो नियमावली प्रारम्भ हुनु अघि प्रकाशित प्रदेश राजपत्र सम्बन्धी काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

१२. <u>बाधा अड्काउ फुकाउने</u>: यो नियमावली कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची-१

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको ढाँचा**

**प्रदेश राजपत्र**

**सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित**

---

**खण्ड**......),**प्रदेश राजधानीको नाम, नेपाल,....महिना.....गते.....साल**

**(संख्या/अतिरिक्ताङ्क/पूर्वातिरिक्ताङ्क)**

---

**भाग**........

**प्रदेश सरकार**

**सुदूरपश्चिम प्रदेश**

........**मन्त्रालय/सचिवालय/आयोग/कार्यालयको**

**सूचना**

**आज्ञाले**

.........................

---

**मुद्रकः**

**मूल्यः**

अनुसूची- २

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**प्रदेश राजपत्रको साइज र फन्ट**

१. कागजको साइजः लम्बाइ २२ से.मि. र चौडाइ १४ से.मि.,

२. नेपाली अक्षरको फन्टः कालीमाटी, ११ प्वाइन्ट वा प्रिती, १४ प्वाइन्ट,

३. अंग्रेजी अक्षरको फन्टः Times New Roman, १२ प्वाइन्ट ।

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मितिः २०७८/१२/०३

आज्ञाले,

कमल राज ढकाल

प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-